# मेचीनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, ईटाभट्टा
झापा जिल्ला, प्रदेश नं. १, नेपाल
# Mechinagar Municipality
Office of the Municipal Executive, Itabhatta
Jhapa District, Province No. 1, Nepal


प. सं. : २०७५।०७६ (राजस्व शाखा)
च. नं. :

मिति : २०७५/०९/१७

विषय : **नदी/खोलाजन्य निर्माण सामग्री उत्खनन, संकलन र विक्री कार्यको लागि आय ठेक्का संझौता कार्यान्वयनको अनुगमन सम्बन्धी जरुरी सार्वजनिक सूचना ।**

प्रस्तुत विषयमा चालु आ. व. २०७५।०७६ को लागि यस मेचीनगर नगरपालिकाभित्रका नदीहरु : मेची, हडिया, निन्दा र टिमाई प्याकेज १ र टिमाई प्याकेज २ बाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण ( IEE : Initial Environment Examination ) मा निर्दिष्ट परिणाम र शर्तभित्र रही नदी/खोलाजन्य निर्माण समाग्री उत्खनन, संकलन, घाटगद्दी गरी तोकिएको दर, रेटमा विक्री समेत गर्न सार्वजनिक खुल्ला प्रतिश्पर्धात्मक बोलपत्रको माध्यमबाट सबैभन्दा बढी ( मू. अ. करबाहेक ठेक अंक रु. २ करोड २८ लाख रहेकोमा रु. ५ करोड ४ लाख ९० हजार ६ सय ) कबोल गर्ने श्री विनिता श्री ट्रेडर्स एण्ड सप्लायर्स ईटहरी, सुनसरीका श्री भीमबहादुर पौडेलज्यूसँग आय ठेक्का संझौता गरी कार्यान्वयनको चरणमा रहेको सन्दर्भमा संझौतामा तोकिएको नदी तथा खोलाको निर्धारित स्थानमा तोकिएको परिणाममा मात्र उत्खनन लगायतको कार्य गर्न पाइने र खोला तथा नदीको पुलदेखि तल वा माथि ५ सय मिटरभित्रको क्षेत्रमा उत्खनन गर्न पूर्णरुपमा कानुनविपरीत हुने भएको र ठेकेदारले तोकिएको दरभन्दा बढी राजस्व रकम लिनु र तोकिएको राजस्व रकम सेवाग्राहीले नदिनु समेत कानुनसम्मत नहुने तथा उत्खनन् हुने निर्माण सामग्री उत्खनन गर्दा पानीको सतह छुने गरी गर्ने कार्य वातावरणीय तवरले अनुपयुक्त भएकोले सो कार्यलाई पूर्णरुपमा निःषेध गरिएको हुँदा उल्लिखित सम्पूर्ण अवस्थाको अनुगमनका लागि जिल्ला समन्वय समिति, झापाका श्रीमान् प्रमुखज्यूको संयोजकत्वमा रहेको अनुगमन समितिबाट अनुगमन हुने तथा भएको र यस नगरपालिका, नगर कार्यपालिकाको पूर्वाधार विकास समितिका संयोजक श्री कृष्ण कनालज्यूको संयोजकत्वमा आर्थिक विकास समितिका संयोजक श्री सुदेशकुमार पनेरुज्यू, वन, वातावरण र विपद् व्यवस्थापन समितिका संयोजक श्री टीका मङ्ग्रान्तीज्यू, श्री इलाका प्रहरी कार्यालय, काँकाडभिट्टाका प्रमुखज्यू, श्री सशस्त्र प्रहरी बल नेपाल, राजस्व तथा भन्सार गस्ती सुरक्षा नं. ८ गुल्मका प्रमुखज्यू तथा कार्यालयका राजस्व शाखा प्रमुख श्री चक्रपाणि खनालज्यू तथा सम्बन्धित वडाका वडाध्यक्षज्यू एवम् आवश्यकताअनुसार ईन्जिनियर समेत सदस्य रहेको एक कार्यमूलक अनुगमन टोली गठन भई अनुगमन कार्य प्रारम्भ भइसकेको छ । उक्त सन्दर्भमा उत्खनन र राजस्व संकलन कार्यमा विधिको सर्वोपरिता र वातावरण संरक्षणको उच्च आकाङ्क्षा सम्बन्धित सरोकारवालाहरुबाट पालना हुने कुरामा मेचीनगर नगरपालिका सबैमा हार्दिक अनुरोध गर्दछ । उक्त शर्त उल्लङ्घन भएको कार्य नियन्त्रण गरी विधिको व्यवस्था पालना गराउन सम्बन्धित वडाका पदाधिकारीज्यूहरु, स्थानीय नागरिक समाज, राजनीतिक दलका पदाधिकारीज्यूहरु, स्थानीय नागरिक, सञ्चारकर्मी, स्थानीय प्रशासन, नेपाल प्रहरी, सशस्त्र प्रहरी बललगायतका सरोकारवाल निकायवीच समन्वय र सूचना आदानप्रदान समेत गरी नियन्त्रण तथा उचित व्यवस्थाको कार्यमा सबैबाट सहयोग हुन मेचीनगर नगरपालिका हार्दिक अनुरोध गर्दछ । प्रारम्भिक वातावरणीय परीक्षण (IEE : Initial Environment Examination) मा उल्लिखित परिणाम खुलेको आय ठेक्का संझौतापत्रको प्रति सम्बन्धित सबैको जानकारीको लागि यस कार्यालयको वेभसाइट www.mechinagarmun.gov.np मा हेर्न सकिने व्यहोरा समेत सबैमा अनुरोध छ ।

**मेचीनगरपालिका, नगर कार्यपालिकाको**
**कार्यालय, झापा**
सम्पर्क : ०२७ ५६२५४३७

## मेचीनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ईटाभट्टा, झापा
१ नं. प्रदेश नेपाल

(पु.वि.शा.१७/०७५/०७६ )

प.सं.०७५/०७६
च.नं. 2368

मिति :-२०७५/०९/१८

बिषय :– मेसिनद्धारा उत्खन्न गर्ने सम्बन्धमा ।

श्री बिनिता श्री ट्रेड एण्ड सप्लायर्स प्रा.लि.

ईटहरी, सुनसरी

प्रस्तुत विषयमा यस मेचीनगर नगरपालिका क्षेत्रभित्र बग्ने निन्दा/सुके निन्दा र टिमाई खोलाबाट ढुङ्गा, गिट्टी, र वालुवा आदी निम्न संकलन स्थानबाट मेशनरीबाट उतखन्न गर्न गराउनका लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

निम्न : स्थानमा निम्न मेशिनहरु : **Valvo**

| टिमाई खोला | | **Valvo Ontest - 1** |
|---|---|---|
| सि.नं. | घाट/स्थान | वडा नं. |
| १ | आयाबारी टोल/पौडेल घर उत्तर पूर्व | मेचीनगर ९/बूद्धशान्ती गा.पा. ५ |
| २ | च्यावाल्नी गाऊ | मेचीनगर ९/बूद्धशान्ती गा.पा. ६ |
| निन्दा /सूकेनिन्दा खोला | | **Valvo Ontest - 2** |
| १ | काडे/त्रिर्मांग | मेचीनगर २ |
| २ | कप्तानबारी/भृकूटी क्षेत्र | मेचीनगर ३ |
| ३ | धरधरे क्षेत्र सूके निन्दा क्षेत्र | मेचीनगर ३ |
| ४ | दोकान डाडा | मेचीनगर ८ |
| ५ | आयाबारी/गिरी गाऊ | मेचीनगर ८ |

महेन्द्रकुमार खापाङ्गी
प्रमुख प्रशासकिय अधिकृत

फोन :- ०२३-५६२०७७, ५६२२१२, ५६२२३३, ५६२४३७, दमकल :- ५६२५०४, फ्याक्स :-५६२४३७,
Web Site : www.mechinagarmun.gov.np, email :mechinagarmun@gmail.com

**मेचीनगर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
इटाभट्टा, झापा
१नं. प्रदेश,नेपाल

# कबुलियतकोफारम

लिखितम मु.अ.कर नं. ६०४३६५८०७ भएको श्री बिनिता श्री ट्रेडर्स एण्ड सप्लायर्स प्रा लि इटहरी, सुनसरी ( संस्थाका सञ्चालक श्री भिमवहादुर पौडेल, ना.प्र.नं. १४३४ धनकुटा ) आगे तपसील बमोजिमको शर्तमा मेची, हडिया, निन्दा र टिमाइ प्याकेज १ र टिमाइ प्याकेज २ खोलाहरुवाट स्वीकृत आई.ई.ई. प्रतिवेदन अनुसार निकालिने नदी/खोलाजन्य निर्माण सामाग्रीको उत्खनन्/संकलन घाटगद्दी एवं बिक्री मुल्य कर संकलन गर्न ठेक्का बन्दोबस्त गर्ने गरी यस मेचीनगर नगरपालिका नगर कार्यपालिकाबाट आव्हान गरिएको मिति २०७५/०६/२८को बोलपत्र सूचना अनुसार तपाई समेतले दिनु भएको बोलपत्रको व्यहोरा पेश हुदाँ आर्थिक वर्ष २०७५/०७६ को लागि रु.५,०४,९०,६००/- भ्याट रकम रु.६५,६३,७७८/- गरी जम्मा हुने रकम रु.५,७०,५४,३७८/- (अक्षेरिपि पाँच करोड सत्तरी लाख चौउन्न हजार तिनसय अठहत्तर रुपयाँ मात्र) मा ठेक्का दिने गरी तपाईसंग ठेक्का बन्दोबस्त गर्न मिति २०७५/०८/१२ मा मेचीनगर नगरपालिकाबाट निर्णय भएको हुदाँ उपर्युक्त निर्णयानुसार तपशिलको शर्त बमोजिमको क्षेत्रमा स्थानीय निकायको तर्फवाट आय संकलन गर्ने ठेक्काको कबुलियत गर्न मन्जुर भई आउनु भएको हो होइन भनी आज मलाई यस मेचीनगर नगरपालिकाबाट सोधनी हुदाँ मेरो चित्त वुझ्यो । यसमा तपसीलमा लेखिएको शर्त बमोजिम कामकाज गर्ने गरी कबुलियत गर्न मन्जूरी भै उपस्थित भएको छु । तपसीलमा लेखिए बमोजिमको शर्तमा कुनै घटी बढी नपारी कामकाज गरी तपसीलमा लेखिए बमोजिमको मिति भित्र मेचीनगर नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई पहिलो किस्ताको रकम रु.१६८३०२००/- (अक्षरेपी रु एक्र करोड अठसठ्ठि लाख दुइ सयमात्र) बुझाई मु.अ.कर वापतको रकम रु. ६५६३७७८/०० ( अक्षरेपी रु पैसठ्ठि लाख त्रिसठ्ठि हजार सात सय अठहत्तर मात्र) र अग्रिम आयकर बापत बुझाउनु पर्ने रकम रु ७,५७,३५९/०० ( अक्षरेपी रु सात लाख सन्ताउन्न हजार तिनसय उनान्साठी मात्र) आन्तरिक राजश्व कार्यालयमा बुझाइ आर्थिक बर्ष २०७५/०७६ को मिति २०७६ जेठ मसान्त सम्म ठेक्का चलाउने छु । तपशिलमा उल्लेखित सबै शर्तहरु निशर्त रुपमा पालन गर्ने छु । पछि मैले कुनै कुरामा उजूर गर्ने छैन, गरे यसै कागजातबाट बदर गरिदिनु भनी मेरो मनोमानी खुसीराजीसंग रकम चलनको कबुलियत लेखी भनि मेचीनगर नगरपालिका नगरकार्यपालिका कार्यालयमा चढाएँ ।

## तपसील

(१) मेचीनगर नगरपालिकाको मेची, हडिया, निन्दा र टिमाइ प्याकेज १, टिमाइ प्याकेज २ खोलाहरुमा स्वीकृत आई.ई.ई. अनुसार निकालिने नदी/खोलाजन्य निर्माण सामाग्री उत्खनन्, संकलन घाटगद्दी एवं विक्री मुल्य कर संकलन ठेक्का सम्झौता शर्तहरुको अधिनमा रही आर्थिक वर्ष २०७५/०७६ को २०७५ मंसिर २८ गते देखि २०७६ जेठ मसान्तसम्मका लागी रु. ५,७०,५४,३७८/- ( अक्षरेपी रु पाँच करोड सत्तरी लाख चौवन्न हजार तीन सय अठहत्तर मात्र भ्याट सहित) को ठेक्का रकमको पहिलो किस्ताको रकम रु. १,६८,३०,२००/०० (अक्षरेपी रु एक करोड अठसठ्ठि लाख दुइ सयमात्र) मात्र को ठेक्का रकम नेपाल बैंक लि

मेचीनगर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

इटाभट्टा, झापा

१नं. प्रदेश,नेपाल

# कबुलियतकोफारम

काकरभिट्टा शाखामा रहेको मेचीनगर नगरपालिकाले तोकेको वैङ्क खातामा जम्मा गर्ने गरी कुमारी वैङ्क, इटहरी शाखाको चेक नं. ००८०५५१४३ चेक संलग्न राखी पेश गरेको छु। दोश्रो र तेश्रो किस्ता वापतको रु ३,३६,६०,४००।- (अक्षरेपी रु तीन करोड छत्तिस लाख साठी हजार चार सयमात्र ) को बैक ग्यारेण्टी कुमारी बैक लिमिटेड, विराटनगर ०७६ असार मसान्त सम्म म्याद भएको बैक ग्यारेण्टी नं. 002OUT96181796 को बैक ग्यारेण्टी पेश गरेको छु । प्रचलित कानूनको अधीनमा रही मेचीनगर नगरपालिका नगर कार्यपालिका कार्यालयको उल्लेखित आय ठेक्का संचालन गर्नेछु । दोस्रो किस्ता दाखिला गर्नु अगाडि म.अ.कर र अग्रीम आयकर सम्वन्धित कार्यालयमा वुझाई सो को प्रमाण नगरपालिकामा पेश गर्नेछु ।

(२) उक्त आय संकलन गर्नका तपशिलमा उल्लेखित दर अनुसार संकलन गर्नेछु । यसरी आय संकलन गर्दा करदातालाई दिईने भरपाई रसिद यसै मेचीनगर नगरपालिका कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नेछु ।

(३) सो आय संकलन गर्न मेचीनगर नगरपालिका नगर कार्यपालिकाबाट तोकिदिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर सेवा शुल्क इत्यादि लिईने छैन र यस बाहेक अन्य रसिदहरु प्रयोग गरी आय संकलन गर्ने छैन । सम्वन्धित निकायबाट अनुगमन हुदा कुनै त्यस्तो अनधिकृत रकम असूल गरेको तोकीएका शर्तहरु उल्लघंन गरेको पाईएमा नियमानुसार कारवाहीका लागि मन्जुर छु ।

(४) ठेक्का संचालनका क्रममा आई परेका समस्याहरुको समाधान नगरपालिकाले प्राथमिकता दिई नगरपालिकाको निर्णयानुसार अविलम्व गर्नेछु ।

(६) यस ठेक्काको सम्वन्धमा पूर्व प्रकाशित सूचना, कवुलियतमा भएका शर्त, स्थानीय सरकार संचालन ऐन, २०७४ र प्रचलित कानूनमा उल्लेखित सम्पूर्ण शर्तहरुको पूर्ण पालना गर्ने गराउनेछु ।

(७) किस्ता रकम म्याद भित्र वुझाउनु पर्नेछ । म्याद भित्र नवुझाएमा ०.०२ प्रतिशत प्रति दिन, सो किस्तामा वुझाउन वाँकी रकमको हिसावले हुन आउने जरिवाना रकम कार्यालयलाई बुझाउन मन्जुर छु ।

(८) ठेक्का संचालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार वुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सवै म ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा वुझाउनेछु ।

(९) ठेक्काको सयमावधि भर ठेक्का तोड्ने छैन । विचैमा म वाट ठेक्का तोडेमा कुल ठेक्का अंकमा असुल हुन बांकी रकममा ५ प्रतिशत थप दस्तुर जोडी असुल उपर गरेमा मेरो मञ्जुरी रहने छ । यसरी ठेक्का तोडेमा बांकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कवोल गरे भन्दा कम रकम उठन गएमा सो कम रकम पनि म बाटै सरकारी बांकी सरह असुल उपर गरेमा मेरो पूर्ण मञ्जुरी रहनेछ ।

(१०) नदी/खोलाजन्य निर्माण सामाग्री उत्खनन्/संकलन सम्बन्धमा निम्नानुसारको वुँदा पालना गर्नेछु ।

- मेची,हडिया,निन्दा टिमाइ प्याकेज १ र टिमाइ प्याकेज २ खोलाहरुबाट निकालिने निर्माण सामाग्री निकाल्दा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE)प्रतिवेदन अनुसार निकाल्नु पर्नेछ ।

श्री ... इटहरी ...

**मेचीनगर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

इटाभट्टा, झापा

१नं. प्रदेश,नेपाल

# कबुलियतकोफारम

- तोकिए बमोजिमका पुल पुलेसा, संरक्षण क्षेत्र, घाट आदिको US (उत्तर) मा ५०० मिटर र DS ( दक्षिण) मा ५०० मिटर बाहिरबाट मात्र र खोलाको मध्यम भागवाट IEE प्रतिवेदनमा उल्लेखित नाँपजाँच तालिका अनुसारको लम्बाई, चौडाई, गहिराई र परिमाणमा मात्र संकलन, उत्खनन गर्नु पर्नेछ ।
- तोकिएको परिमाण मात्र संकलन गर्न सर्बसधारणको जानकारीको लागि प्रत्येक संकलन स्थलहरुमा, दैनिक संकलन मौज्दात, वार्षिक संकलन मौज्दात, संकलन दिन, उत्खनन् क्षेत्रको लम्बाई, चौडाई र गहिराई, उत्खनन् विधि तथा उत्खनन् समय स्पष्ट उल्लेख हुनेगरी होर्डिङ्गबोर्डको ब्यवस्था गर्नुपर्नेछ ।
- उत्खनन्/संकलन कार्यमा मेसिन (स्काभेटर) प्रयोग गर्नु परेमा नदीको अवस्था हेरी स्थलगत अवलोकन पश्चात उपयुक्त स्थानमा मात्र मेचीनगर नगरपालिकाबाट स्वीकृति लिई हेभी मेसिनरी उपकरण जस्तै स्क्याभेटर, ब्यकहो लोडर आदि स्वीकृत IEE प्रतिवेदन र नेपाल सरकारको नीति निर्देशन तथा नगरपाकिले बनाईएका उत्खनन् योजना (Excavation Plan) अनुसार वातावरणमा असर नपर्ने गरि प्राविधिकको प्रत्यक्ष निगरानीमा IEE प्रतिवेदनले तोके बमोजिमको मापदण्ड अनुसार सामाग्री निकाल्नु पर्नेछ ।
- महत्वपुर्ण राष्ट्रिय राजमार्गहरुमा सुख्खा निर्माण सामाग्री मात्र ओसार पसार गर्नु पर्नेछ ।
- मेची,हडिया,निन्दा टिमाइ प्याकेज १ र टिमाइ प्याकेज २ खोलाबाट निकालिने निर्माण सामाग्री विक्री मुल्य करको ठेक्का लिए पश्चात् निर्माण सामाग्री उठाउन रोक लागे/लगाएमा दुवै पक्षको पहलमा समस्या समाधान गरी कर संकलन गर्नु गराउनु पर्नेछ ।
- तोकिएको उत्खनन् क्षेत्र भन्दा बाहिर गई निर्माण सामाग्री निकाल्ने छैन । साथै निर्माण सामाग्री उत्खनन गर्ने समय विहान सूर्योदय देखि बेलुका सूर्यास्तसम्म मात्र गर्नेछु । साथै निर्माण सामाग्री ओसार पसार गर्ने सडकहरुका खाल्डा खुल्डी पुर्ने, सामान्य मर्मत सुधार गर्ने र कच्ची सडकको धुलो नियन्त्रणका लागि समय समयमा पानीले सडक भिजाउने कार्य आफैले गर्नु पर्नेछ ।
- स्थानीय स्तरमा कुनै विवाद आएमा दुवै पक्षले सोको समाधान गरेर मात्र उत्खनन्/संकलन गर्नु पर्नेछ ।
- नदीजन्य सामाग्री संकलन कार्यमा स्थानीय गरिव तथा पिछडिएका सामुदायहरुलाई कामदारको रुपमा प्राथमिक्ताका साथ कार्यमा लगाउनेछु साथै वातावरणमैत्री तरिकाले उत्खनन्/संकलन गर्न गराउनका लागि उक्त कार्यमा संलग्न सम्पुर्ण कामदार, श्रमिक, ड्राईभर र खलासीलाई अभिमुखिकरण तालिमको व्यवस्था गर्नु पर्नेछ ।
- संवेदनशिल क्षेत्रहरुमा हर्न बजाउने र ढुवानी हुँदा प्रयोग हुने सवारीसाधनको क्षमता भन्दा बढी भारी बोक्ने निषेध गर्नु पर्नेछ ।

इटहरी

सुनसरी

मेचीनगर नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
इटाभट्टा, झापा
१नं. प्रदेश,नेपाल

# कबुलियतकोफारम

- पुल, कल्भट जस्ता संरचनामाथि सवारी (खाली होस या भरी) रोकेर राख्न नदिने व्यवस्था मिलाउनु पर्नेछ ।
- सवारीसाधनको गति सिमित गर्न पहुचमार्गमा गति सिमित लेखिएको साईनबोर्ड राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।
- सकेसम्म कुनै किसिमका उजुरीहरु स्थानीय स्तरवाट आउन दिईने छैन । र सो वापतको खर्च दावी समेत गर्न पाईने छैन ।
- मेचीनगर नगरपालिका कार्यालयका नाममा दार्ता भएका एक्साभेटर प्रयोग भै नगरपालिकाकै टिपर बाट नगरपालिका क्षेत्रमित्रका बाटो निर्माण तथा मर्मतको लागि खोलाबाट उठाइने नदीजन्य खनिज पदार्थको बिकि मुल्य लाग्ने छैन ।

(११) नदीजन्य सामाग्रीहरु उत्खनन/संकलन स्थान र परिमाण विवरण यसै साथ संलग्न पाना थान १ अनुसार गर्नेछु ।

(१२) कुनै पनि कर शुल्क वा बिक्री मूल्य असुल उपर गर्न राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाँट वा तगारो राखी कर शुल्क र मुल्य असुल गर्ने छैन र कर संकलन गर्ने स्थानमा कर संकलन गरिने वस्तुहरुको मुल्य सहितको सूची सर्वसाधारणले देख्ने गरी आफ्नै तर्फबाट अनिवार्यरुपमा राख्नु पर्नेछ ।

(१३) रोडा, ढुंगा, बालुवा, ग्राभेल तथा गिट्टी संकलन तथा निकासी सम्वन्धमा नेपाल सरकारवाट स्वीकृत नियमन सम्वन्धी प्रतिवेदन पूर्ण रुपमा पालना गर्नेछु ।

(१४) IEE प्रतिवेदनले तोकेको स्थान/नांकाबाट तोकेको परिमाणमा मात्र उत्खनन र संकलन गर्ने गराउनेछु । यसरी उत्खनन गरेको परिमाणको लागत प्रत्येक १५/१५ दिनमा मेचीनगर नगरपालिका नगर कार्यपालिकालाई उपलब्ध गराउने छु । उत्खनन/संकलन गरिसकेको नदीजन्य सामाग्रीलाई घाटगद्दी गरेर मात्र विक्री वितरण गर्नेछु । यसरी उत्खनन/संकलन तथा घाटगद्दी गर्दाको लागत आफैले व्यहोर्नेछु । तोकिएको परिमाणभन्दा घटी परिमाणमा निर्माण सामाग्री उत्खनन/संकलन भएको कारणले कुनै छुट मिनाहा माग्ने छैन ।

(१५) मिन्हा माफी तथा छुट सम्वन्धमा : सुचना वमोजिम संभौता भई ठेक्का चलानपूर्जी जारी गरीएपछि कूनै किसिमको मिनाहा वा छुट माग दावी गर्ने छैन ।

(१६) माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा प्रचलित नेपाल कानुन, ठेक्काका अन्य शर्तहरु, स्थानीय सरकार संञ्चालन ऐन, २०७४, <u>मेचीनगर नगरपालिकाको आर्थिक ऐन, २०७५ को पूर्ण पालना गर्ने गराउने छु ।</u>

(१७) यस ठेक्काको कर अशुली देहाय अनुसार गर्ने छु ।

इटहरी
सुनसरी

मेचीनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटाभट्टा, झापा
१नं. प्रदेश,नेपाल

# कबुलियतकोफारम

**खोलाबाट निकालिने निर्माण सामाग्री (ढुंगा, बालुवा, ग्राभेल आदि) विक्री मुल्य करको दररेट विवरण**

| क.सं. | विवरण | प्रति क्यूफिट |
|---|---|---|
| १. | ढुङ्गा, छानेको गिट्टी, मिक्स गिट्टी र ग्राभेल | रु.३।- (तीन रुपैया ) |
| २. | बालुवा | रु.२।५० (दुई रुपैया पचास पैसा ) |
| ३. | बलैटे माटो तथा भरोट | रु.२।- (दुई रुपैया ) |

नोट : उपरोक्त दरमा १३ प्रतिशत मूल्य अभिवृद्धि कर (VAT) जोडी कर असुल गर्नु पर्नेछ ।

**किस्तावन्दी**

२०७५ साल मंसिर २७ गते प्रथम किस्ता रु १६८३०२०० (अक्षेरिपि एक करोड अठसट्ठि लाख तिस हजार दुइ सय मात्र) दोश्रो किस्ता २०७५ साल माघ ३० गते १६८३०२००/०० (अक्षेरिपि एक करोड अठसट्ठि लाख तिस हजार दुइ सय मात्र) गते तेश्रो किस्ता बुझाउने २०७५ साल चैत्र मसान्तसम्म बुझाउने रु. १६८३०२००/०० (अक्षेरिपि एक करोड अठसट्ठि लाख तिस हजार दुइ सय मात्र) हुनेछ ।

**ठेकेदार वा निजको वारेस**

दस्तखत :-

फर्म/कम्पनीको नाम :- श्री बिनिता श्री ट्रेडर्स एण्ड सप्लयर्स

स्था.ले.नं. ३०४३६५८०७

संचालकको ठेगाना :- इटहरी सुनसरी

अध्यक्षको नामथर :- भीम बहादुर पौडेल

सम्पर्क नम्वर :- ९८५२०२०२७६

दाँया बाँया

साक्षीको नाम, थर, ठेगाना र दस्तखत

१. केदार गिरी, विर्तामोड - २ २. खगेन्द्र पौडेल, दमक - ५

**कवुलियतनामा प्रमाणित गर्नेको** **कार्यालयको छाप**

दस्तखत :-

नामथर :- महेन्द्र कुमार खाम्याहाङ्ग

पद :- प्रमुख प्रशासकिय अधिकृत

कार्यालय :- मेचीनगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय

साक्षीको नाम, थर, ठेगाना र दस्तखत

१. कमल प्रसाद कोइराला, इन्जिनियर २. राजन कुमार भेटवाल, आ.ले.प. अधिकृत

इति सम्वत् २०७५ साल मंसिर १८ गते रोज ३ शुभम् ।

मेचीनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईटाभट्टा,झापा
१ नं. प्रदेश नेपाल

पत्र संख्या २०७५।०७६
च.न. २१५०

मिति :२०७५/०८/२८

श्री बिनिता श्री ट्रेड एण्ड सप्लायर्स प्रा.लि.
सम्पर्क न. ९८५२०२०२७६
मु.अ.कर न. ६०४३६५८०७
ईटहरी, सुनसरी

बिषय : ठेक्का कार्यदेश दिईएको सम्बन्धमा ।

उक्त सम्बन्धमा तपाई लाई यस मेचिनगर नगरपालिकाको बिभिन्न स्थान बाट स्वीकृत IEE प्रतिवेदन अनुसार निकालिने नदि र खोलाजन्य निर्माण सामाग्रीको उत्खनन् र सकंलन एव बिक्रि मुल्य कर संकलन गर्ने गरी तपाईले साकार गर्नु भएको अक रु ५,०४,९०,६००।०० (पाच करोड चार लाख नब्बे हजार छ सय) २०७५।०८।२७ गते भएको सम्झौताको अधिनमा रही तोकिएको दरमा शुल्क असुल गर्न यो कार्यादेश दिईएको व्यहोरा अनुरोध छ ।

........................................
महेन्द्रकुमार खाँड्केल
प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश न. १ विराटनगर
श्री आन्तरिक राजस्व कार्यालय भद्रपुर,झापा ! निजबाट सम्झौता रकम अनुसारको मु.अ.कर र अन्य कर समेत असुल उपर गरी यस कार्यालयमा जानकारी दिनु हुन ।
श्रीमान नगर प्रमुख ज्यू, मेचीनगर नगरपालिका नगर कार्यापालिकाको कार्यालय
श्रीमान नगर उप प्रमुख ज्यू, मेचीनगर नगरपालिका नगर कार्यापालिकाको कार्यालय
श्री बुद्धशान्ति गाउपालिका गाउ कार्यापालिकाको कार्यालय
श्री ईलाका प्रहरी कार्यालय काकरभिट्टा/धुलाबारी
श्री सबै वडा समितिको कार्यालयहरु

०२३-५६२०७७, ५६२२१२, ५६२२३३, ५६२४३७, ५६२५०४, ५६२४३७,
Web Site : www.mechinagarmun.gov.np, email :mechinagarmun@gmail.com